# छैठौं भाग
# चेलाको रूपमा सेवा गराई


| | |
|---|---|
| १. ख्रीष्टको देह : मण्डली | ३३३ |
| २. मण्डलीमा सम्बन्ध | ३४३ |
| ३. मण्डलीमा अधिकार | ३५३ |
| ४. मण्डली र जीवनमा अनुशासन | ३६१ |
| ५. प्रभु-भोज | ३६७ |
| ६. परिवारमा सम्बन्ध | ३७३ |
| ७. यौन, बाइबल र संसारसितको सम्बन्ध | ३८५ |

# १. ख्रीष्टको देह : मण्डली

क. मुख्य पदहरु

| | |
|---|---|
| १कोरिन्थी १२:१२-२७ | कलस्सी १:१८ |
| एफिसी ५:२३-३२ | कलस्सी २:१९ |
| रोमी १२:४-८ | एफिसी १:२२-२३ |
| रोमी १०:२४ | |

ख. ख्रीष्टको देह के हो ?

ख्रीष्टको देह त्यो शरीर हो जो नयाँ जन्म पाएका विश्वासीहरु पवित्र आत्माद्वारा येशू ख्रीष्टमा सम्मिलित भएका छन् (१कोरिन्थी १२:१२-१४). उहाँले शुरु गर्नुभएको परमेश्वरको राज्यको स्थापना गर्न र साक्षी दिने कार्य पूरा गर्न तिनीहरु ख्रीष्टको शरीरमा सहभागी भएका छन्. आफ्नो नाउंमा अधिकार र पवित्र आत्माको सामर्थ्य उहाँले विश्वासीहरुलाई दिनुभएको छ (मर्कूस १६:१७-१८; प्रेरित १:८) यसरी हामी उहाँको तर्फबाट यस पृथ्वीमा परमेश्वरको राज्य स्थापना गर्ने कार्यमा संलग्न हुनसक्छौं. येशूको सबै चेलाहरु यो कार्य गर्न एक भएका छन् र प्रत्येकको यसमा आ-आफ्नै भूमिका छ. धेरै सदस्यहरु भए तापनि येशूलाई शिर मानेर यी चेलाहरुले सँगै काम गर्नुपर्ने आवश्यकता छ.

हामी येशूका चेलाहरुको निष्ठा पहिला त ख्रीष्टमा अनि विश्वव्यापी मण्डलीमा र त्यसपछि उहाँले हामीलाई राख्नुभएको स्थानीय मण्डलीमा हुन्छ. विश्वव्यापी मण्डलीको परमेश्वरका सबै विश्वासीहरु निश्चय नै एकै ठाउँमा भेला हुन सक्दैनन्. त्यसकारण हामीलाई साना-साना झुण्डमा भेला हुन उहाँले व्यवस्था मिलाउनुभयो चाहे त्यो घर-घरको सँगतिमा (रोमी १६:५) होस वा शहरको ठूलो मण्डलीमा (१कोरिन्थी १:२). समर्पित व्यक्तिहरुको यो उपस्थित जमघट हो. यो स्थानीय मण्डलीमा पूजारी (कार्यक्रम संचालक) र मानिसहरु (स्रोताहरु) हुदैनन्. यसमा नयाँ जन्म पाएका विश्वासीहरु जो सबै नै पूजारीहरु हुन् समावेश भएका हुन्छन् (१पत्रस २:९). येशू यस पृथ्वीमा आफ्नो मण्डली बनाउन कटिबद्ध हुनुहुन्छ र यसमाथि शैतानलाई उहाँले विजयी हुन दिनुहुन्न (मत्ती १६:१८). येशूका

चेलाको नाताले हामी मण्डलीप्रति समर्पित हुनुपर्छ र यो ख्रीष्टको जीवनमा सहभागी हुनु हो (प्रेरित २:४२).

ग. विभिन्न प्रतीक (चिन्ह) हरु

आफ्ना जनहरुको निम्ति परमेश्वरको हृदयमा भएका विचारहरुलाई बयान गर्न एउटै प्रतीक मात्र पर्याप्त छैन. मण्डलीको सम्बन्धमा परमेश्वरको प्रकाशको विभिन्न पक्षहरुलाई चित्रित गर्न पावलले केही प्रतीकहरु प्रस्तुत गरेका छन् -

**१. एउटा मन्दिर**

मानिसहरुलाई एकैसाथ जोडेर पवित्र आत्माद्वारा परमेश्वरको वासस्थान निर्माण गर्ने उहाँको इच्छालाई यसले देखाउंछ (एफिसी २:१९-२२; १कोरिन्थी ३:१६). आत्मिक घर निर्माणको लागि हामी जीवित पत्थरहरु हौं र यसरी हामी परमेश्वरलाई स्वीकारयोग्य आत्मिक बलिदानहरु चढाउने पवित्र पूजारी हुनसक्छौं (१पत्रस २:४-५).

**२. एउटा परिवार**

हामीलाई आफ्नो परिवारमा समावेश गर्ने र ठूलो दाज्यु (येशू ख्रीष्ट) सँगै साझे-उत्तराधिकारी बनाउने परमेश्वरको उद्देश्यको प्रशंसा गर्न यसले हामीलाई सहायता गर्दछ (रोमी ८:१७, हिब्रू २:१०, १४-१७). मण्डली एउटा जीवनशैली हो, (व्यस्त) क्रियाकलाप होइन. मण्डली एउटा धार्मिक क्लब पनि होइन तर यो त तपाई गाभिनु भएको परमेश्वरको एउटा परिवार हो (प्रेरित २:४७).

**३. दुलही**

ख्रीष्ट र उहाँको मण्डली बीच एक आपसमा व्यक्तिगत सम्बन्ध र समर्पणपूर्ण एकतालाई बुझ्न हामीलाई यसबाट मदत मिल्दछ (एफिसी ५:२२-३२; यूहन्ना १७:११, २१).

**४. शरीर**

आफ्नो वर्तमान शरीर, मण्डलीलाई आफू पृथ्वीमा हिंड्डुल गरेकै अवस्थामा झैं चंगाईका निम्ति प्रयोग गर्ने येशूको इच्छालाई हामी यसबाट बुझ्न सक्छौं (१कोरिन्थी १२:१-३१).

*"तिमीहरु खीष्टका शरीर हौ, र हरेक त्यसका अंगहरु."* (१कोरिन्थी १२:२७).

यो अत्यन्त समृद्ध बोलावट हो जस्मा एक झुण्ड मानिसहरु येशूले सेवा गर्नुभए झैं सामर्थ्य र अधिकारको क्षेत्रमा काम गरिरहेका छन्. मानिसहरुलाई त्यस्तो शक्ति र अधिकार सुम्पनुभन्दा अगाडि नेतृत्वको इश्वरीय सिद्धान्तको स्वीकारोक्ति र शरीरको शिर येशू खीष्टमा समर्पित हुनुपर्छ.

याद राख्नुहोस्, शुरुमा परमेश्वरले चर्च अफ इंगलैण्ड, मेथोडिस्ट, बेप्टिस्ट, पेन्टिकोस्टल आदि सम्प्रदायहरु तयार गर्ने योजना गर्नुभएको थिएन. मण्डली इतिहासभरि मानवीय विभाजनका कारण त्यस्तो भएको थियो. येशूले एउटै मण्डली एउटै शरीर स्थापना गर्नुभएको थियो र जुन उहाँ अहिले पनि बनाईरहनु भएको छ. नयाँ जन्म पाएका सबै विश्वासीहरु यसै मण्डलीका अंगहरु हुन् (एफिसी ४:४; मत्ती १६:१८).

## घ. मण्डलीको विशेषता

### १. येशूको नेतृत्व Headship

येशूले मण्डली स्थापना गर्नुभयो. उहाँले यो बनाउदै हुनुहुन्छ, नियन्त्रण गर्नुहुन्छ र यसलाई निर्देशित गर्नुहुन्छ (कलस्सी १:१८; कलस्सी २:१९; एफिसी १:२२-२३; एफिसी ४:१५-१६). हामी उहाँको शरीर भएकोले उहाँको जीवनमा सहभागी छौं र यसरी हामी उहाँको नियन्त्रणमा छौं. शिरले शरीरलाई जे अह्राउंछ शरीरले त्यही गर्नुपर्छ. यसमा शरीरका प्रत्येक अंग मिलेर काम गर्नुपर्छ, शिरबाट प्राप्त प्रत्येक संकेतको आज्ञा मान्नुपर्छ. खीष्टको शरीर पनि यही किसिमले काम गर्छ.

### २. आत्माको एकता (१कोरिन्थी १२:१२-१३; एफिसी ४:२,३ र ३२)

सबै विश्वासीहरु एउटै शरीरका अंगहरु भएको हुनाले तिनीहरुमा एक किसिमको अदृश्य एकता हुन्छ किनभने येशू खीष्टमा सबैको सहभागिता छ. सबै विश्वासीहरुमाझ पूर्ण एकताको निम्ति येशूले प्रार्थना गर्नुभएको थियो (यूहन्ना १७:२०-२३). हामी प्रत्येकको शरीरमा विभिन्न अंगहरु छन् र ती सबैको एकै किसिमको काम नभएजस्तै खीष्टमा पनि हामी सबैजना मिलेर एउटा शरीर बन्छौं र विभिन्न सदस्यहरु हामी सबैको बेग्ला-बेग्लै जिम्मेवारी भएर पनि एक अर्कासँग सम्बन्धित छौं. हामी आ-आफैं स्वतन्त्र

हुन सक्दैनौ. यो त आफ्नो हात काटेर फ्यांक्ने अनि शरीरले राम्रो काम गरोस भनेर आशा गरेजस्तै भयो. मण्डलीमा सबै किसिमका मानिसहरु समावेश हुन्छन् चाहे तीमध्ये कतिलाई तपाईले मन नपराउनु भएको नै किन नहोस. तपाई र तिनीहरु सबैलाई परमेश्वरले छान्नुभयो र उहाँको ज्ञानमा तपाईहरु सबै पक्षलाई उहाँले एकठाउँमा जम्मा गर्नुभयो. उहाँले तपाईंलाई बनाउन चाहनु भएको आकारमा तयार पार्न सायद यस्तो गर्नुभएको हो (हितोपदेश २७:१७). प्रेमले यस्तो गर्छ. प्रेम सिमेण्ट जस्तै हो र यसले मण्डलीलाई जोडेर एकमुष्ठ बनाइराख्छ. तपाईंको उद्धारमा पवित्र आत्मा आउनुहुंदा उहाँले त्यो प्रेम तपाईंकहाँ ल्याउनुभयो (रोमी ५:५).

## ३. विभिन्न किसमका वरदानहरु र तीनका कामहरु

एउटै अंगबाट शरीर बनेको नभएर यो धेरै अंगहरु मिलेर बनेको छ (१कोरिन्थी १२:१४). यी धेरै किसिमका वरदानहरु, सेवा र कामहरु छन तर सबै मानिसहरुद्वारा काम गर्ने त उही परमेश्वर हुनुहुन्छ (१कोरिन्थी १२:४-११). मानव शरीरमा अंगहरुले गर्ने काम भिन्दा भिन्दै भएजस्तै ख्रीष्टको शरीरका अंगहरु पनि त्यस्तै छन्. यद्यपि कुनचाहिँ भूमिका हामीले खेल्नुपर्ने हो सो स्पष्ट भैनसकेपनि हामी सबैको बेग्ला बेग्लै भूमिका छ. ख्रीष्टको शरीरमा जगेडा (extra) अंगहरु छैनन्. हामीलाई छानेर शरीर (मण्डली) मा विशेष उद्देश्यको निम्ति स्थापित गरिएको छ. तपाईंको वरदान र व्यक्तित्वसँग मिल्ने किसिमको भूमिका तपाईंलाई दिइएको छ.

## ४. परमेश्वरको शासन (१कोरिन्थी १२:११)

शरीरका अंगहरुलाई यथास्थानमा राख्ने र ती ठाउँहरुमा तपाई/हामीलाई नियुक्त गर्ने पनि परमेश्वर नै हुनुहुन्छ (१कोरिन्थी १२:१८, २७-२८). कहिलेकाहिँ उहाँले आफूले अधिकार दिएको व्यक्तिबाट पनि आफ्नो इच्छा जाहेर गर्नुहुन्छ (हिब्रू १३:१७). ख्रीष्टको शरीरका अंगहरुले आफ्नो स्थान स्वीकार गर्नुपर्छ. धेरै व्यक्तिहरु आफूलाई बोलावट नभएको काम गर्ने कोशिश गर्छन् (१कोरिन्थी १२:१४-१७). परमेश्वरमा हाम्रो काम के हो सो पत्ता लगाएर त्यसलाई हामी प्रत्येकले स्वीकार गर्नुपर्छ, त्यसैमा लागिरहनुपर्छ, त्यसको विकास गर्नुपर्छ र यसलाई पूरा गर्नुपर्छ. यदि एउटा येशूको चेला आफूलाई बोलावट नभएको क्षेत्रमा काम गर्ने कोशिश गर्छ भने उसले त्यसमा पूर्णता प्राप्त गर्न सक्दैन र ख्रीष्टको शरीरमा एउटा

खास काम अपूरो स्थितिमा बांकी रहन्छ. प्रत्येक सदस्यहरुले आफूलाई बोलावट भएको काम गरेको अवस्थामा मात्र ख्रीष्टको शरीर राम्ररी काम गर्नसक्छ. यदि परमेश्वरले तपाईंलाई मण्डलीमा राख्नुभएको छ भने यसभित्र रहेर केही काम गर्ने जिम्मेवारी पनि उहाँले दिनुहुनेछ.

**५. ठीक सम्बन्ध गांसिएको**

येशू ख्रीष्ट (शरीरको शिर) र एक अर्कासित येशूको शरीर (मण्डली) का अंगहरुको सही सम्बन्ध कायम भएको हुनुपर्दछ. हामीलाई एक अर्काको खांचो पर्दछ (१कोरिन्थी १२:२१). त्यसकारण ख्रीष्टले हामीलाई जसरी स्वीकार गर्नुभएको छ त्यसरी नै हामीले एक अर्कालाई स्वीकार गर्नुपर्छ, एक अर्कालाई क्षमा गर्नुपर्छ (जसरी उहाँले हामीलाई क्षमा गर्नुभएको छ) र एक अर्कालाई सहनुपर्छ (एफिसी ४:२; कलस्सी ३:१२-१४). क्रिश्चियन विश्वासीका रुपमा तपाईंमा थुप्रै वृद्धि र विकास अरु विश्वासीहरुसँगको तपाईंको सम्बन्धबाट आउने गर्दछ. अरु मानिसहरु र अगुवाहरुले तपाईंसित सहभागी भएर मात्र यसो हुने होइन तर आफ्ना सबै कुराहरुमा तपाईंले पनि उनीहरुलाई कतिको सहभागी बनाउनुहुन्छ, त्यसमा भरपर्छ.

अक्रिश्चियनहरुमाथि अधिकार जमाउनको निम्ति शैतानको सबैभन्दा प्रभावकारी हतियार सायद "निराशा" हो. यो तथ्यलाई चिनेर आफ्ना जनहरु सँगै भेला भएको, त्यस्ता अवस्थाहरुलाई रोक्न एक अर्कालाई पारस्परिक प्रोत्साहन दिएको परमेश्वर चाहनुहुन्छ (१कोरिन्थी १४:२६; कलस्सी ३:१६; हिब्रू १०:२४-२६). एक अर्कालाई प्रोत्साहन दिंदै एक आपसलाई दह्रो बनाएर ख्रीष्टको शरीर बनाउनमा हामीले सारा शक्ति लगाउनुपर्छ (१ थेस्स ५:११). ग्रीक भाषामा प्रोत्साहन(encourage) लाई 'oikodomeite' भनिन्छ जुन एउटा यौगिक (compound) शब्द हो. यो oilia (घर) र demo (बनाउनु) जोडिएर बनेको छ. हामीलाई येशूका चेलाका रुपमा बोलाइएको छ र उहाँले शुरु गरिसक्नु भएको (मण्डली बनाउने) काममा हामी सबैलाई सामूहिकतामा संलग्न गराउनु भएको छ (रोमी १४:९; रोमी १५:२). पृथ्वीको नून हौं भनेर हाम्रो बारेमा येशूले भन्नुभएको छ (मत्ती ५:१३). नूनको धेरै गुणहरुमध्येको एक भोजन स्वादिलो बनाउनु हो ताकि उत्तम स्वादपूर्वक हामी भोजन गर्नसकौं. पृथ्वीको नून भएकोले हामीले अरुबाट उत्तम गुणहरु

निकाल्न सकौं त्यसरी हामी आफैंलाई र अरुहरुलाई पनि एकसाथ बनाउन (सुधार) गर्नेछौं.

**६. प्रतिबद्धता**

शरीर (मण्डली) द्वारा परमेश्वरले विशिष्ट उद्देश्य थाहा गराउनु भएको, यसको निम्ति अद्भूत योजना भएको र शरीरमा जटिल सम्बन्ध भएकोले कुनैपनि विश्वासीले ख्रीष्टको शरीर मण्डलीभन्दा बाहिर साँचो सफलता र पूर्णता प्राप्त गर्न सक्दैन. आफूलाई ख्रीष्टको दृश्य शरीर मण्डलीसित पहिचान गराउन असफल हुनुको मतलव उहाँको सम्पूर्ण देहबाट स्वयंलाई अलग पार्नु हो. प्रत्येक सदस्यहरु जसरी काम गर्नुपर्ने हो त्यसरी काम गरेमा मात्र ख्रीष्टको शरीरमा वृद्धि हुन्छ. यसमा प्रत्रिबद्धताको आवश्यकता हुन्छ. त्यसपछि मात्र पृथ्वीमा शरीर (मण्डली) ले येशूको सही रुप देखाउन सक्छ. (एफिसी ४:१६).

हामीले प्रश्न गर्नुपर्ने हुन्छ, "शरीरमा म के दिन सक्दछु ?" तर "यहाँबाट म के पाउन सक्दछु ?" भनेर प्रश्न गर्नुहुन्न, नि:स्वार्थ भावले हामी आफैंलाई दिनुपर्दछ (२कोरिन्थी ८:५). जसले सबैभन्दा बढी प्रतिबद्दता देखाउंछ उसैले सबैभन्दा बढी आशिष पाएको हुन्छ.

**७. सेवा**

मण्डली उहाँको शरीरप्रति तपाईंले देखाउनुभएको भावमा तपाईंको येशूप्रतिको निष्ठा साँचो रुपमा प्रकट हुन्छ (१यूहन्ना ४:२०). परमेश्वरको सेवामा बिताएको जीवन बास्तवमा सबैभन्दा सफल (सन्तुष्ट) हुन्छ किनभने उहाँकै सेवाको निम्ति हाम्रो सृष्टि भएको हो. स्वत:स्फूर्त सेवा भावलाई रोक्न वा अवरोध खडा गर्न हिजोआज केही प्रवृत्तिहरु देखा परिरहेका छन्. महत्वपूर्ण नदेखिने जिम्मेवारी वा अरुको अधीनमा बस्नुपर्ने कुराहरुलाई हिजोआज स्वीकार गरिदैन. यसले आफ्नो प्रतिष्ठामा धक्का पर्ने तिनीहरु विचार गर्दछन्. अनि कतिचोटि चाहिँ मानिसहरु नेतृत्व र अधिकार गर्न रुचाउंछन् जब कि यसको निम्ति तिनीहरु न त योग्य नै हुन्छन् अथवा बोलावट नै. यसको सट्टा पनि नोकर चाकरले गर्नुपर्ने काम (यदाकदा) गर्न समेत मानिसहरु इच्छुक हुँदैनन् किनभने सेवालाई इनाम प्राप्ति वा आनन्द दिने साधनका रुपमा लिइन्छ. सेवकाईहरुको तुलना गर्ने वा श्रेणी छुट्टयाउने अर्थात परमेश्वरको निम्ति गरिएको कुनैपनि सेवालाई

त्यस प्रकारले हेर्नु हुँदैन किनभने परमेश्वर स्वयं त्यसो गर्नुहुन्न. एउटा सेवकाईभन्दा अर्को महत्वपूर्ण भनेर परमेश्वरले तिनीहरुको स्तर निर्धारण गर्नुहुन्न. उहाँको लागि तिनीहरु सबै उत्तिकै महत्वका छन्. पहिलो कुरा त उहाँले सेवा वा सेवकाई प्रदान गर्नुहुन्छ. आफूले दिएको जिम्मेवारीलाई इमान्दारी पूर्वक गर्ने र प्रयोग गर्न सकिने भाँडो छ कि छैन उहाँले सर्वप्रथम त त्यो हेर्नुहुन्छ.

कमजोर जस्ता देखिने सदस्यहरुको पनि शरीर (मण्डली) मा आवश्यकता छ (१कोरिन्थी १२:२२). मण्डलीमा कति विश्वासीहरु कम मात्रामा मात्र प्रयोग हुन सक्लान तर शरीरको स्वस्थ परिचालनको निम्ति तिनीहरुको पनि आवश्यकता पर्दछ. वास्तवमा परमेश्वरले प्रायश: तिनीहरुलाई अझ बढी इज्जत दिनुहुन्छ (१कोरिन्थी १२:२४). मण्डलीका सदस्यहरुले एक अर्काको आदर, वास्ता र इज्जत गर्नुपर्छ. ख्रीष्टको देहमा विभाजन हुनु हुँदैन तर सदस्यहरुले एक अर्काको निम्ति समान वास्ता र फिक्री गर्नुपर्दछ (१कोरिन्थी १२:२५-२७).
(ख्रीष्टको) देहमा आफ्नो भूमिका थाहा पाउने तपाईं प्रतिक्षामा रहनुहुंदा आफूले गर्नसक्ने सबै कामहरु गरिसिध्याउनुहोस (सभोपदेशक ९:१०). सेवाको निम्ति हाम्रा उद्देश्यहरुमा हामी होशियार हुनुपर्दछ (१कोरिन्थी १३:१-३). सर्वप्रथम त हाम्रो आफ्नै सन्तुष्टि वा फाइदाको निम्ति हामीले केही गर्नुहुन्न तर सबै कुराहरु परमेश्वरको महिमा र उहाँको राज्यको विस्तारको निम्ति गर्नुपर्दछ.
येशूका हाम्रा सँगी चेलाहरुको सेवा गर्ने हाम्रो मन हुनुपर्दछ जो ख्रीष्टको देहका अंशहरु हुन्. अरुको सेवा गरेमा परमेश्वरको राज्यमा हाम्रो पदोन्नति हुने कुरा येशूले बताउनु भएको छ. नोकर राख्नको लागि येशू आउनु भएको होइन तर नोकर हुनको निम्ति आउनुभयो. (त्यसकारण) हामीले पनि त्यसै गर्नुपर्दछ (मत्ती २०:२५-२८; मत्ती २५:४०).

ङ. **ख्रीष्टको देहमा तपाईंको कस्तो भूमिका हुनुपर्ने हो ?**

१. पवित्र आत्माद्वारा भरिनुस (१कोरिन्थी १२:१३).

२. अरुको भूमिकाको इर्ष्या नगरिकन आफ्नो भूमिका पूरा गर्नमा ध्यान दिनुहोस. येशू ख्रीष्टको असल प्रबन्धक जस्तै आफ्नो क्षमता र योग्यताहरु मण्डली (देह) को सेवा गर्नमा लगाउनुहोस (१कोरिन्थी १२:१५-१६; १ पत्रस ४:१०).

३. अरुलाई पनि स्थान दिनुस (१कोरिन्थी १२:१७) र सबै काम आफैं गर्ने कोशिश नगर्नुहोस्. केही कामहरु अरुले तपाईंभन्दा उत्तम किसिमले गर्न सक्नेछन्.
४. देहमा आफ्नो स्थान जानिराख्नुहोस् (१कोरिन्थी १२:१८-२०) किनभने यसले तपाईंमा सुरक्षा र आत्मविश्वास जगाउंछ (रोमी १२:३).
५. मलाई अरुको पनि आवश्यकता छ भन्ने कुरालाई स्वीकार गर्नुहोस् (१कोरिन्थी १२:२१). मण्डली तपाईंको जीवन संरक्षण गर्ने व्यवस्था हो. त्यसकारण मण्डलीमा उपस्थित अन्य सदस्यहरुबाट पनि परमेश्वरको जीवन प्राप्त गर्न नडराउनुहोस. तपाईंलाई मदत गर्न, सल्लाह दिन र सुधार्न अपठ्यारो हुने गरी एक्लिएर स्वतन्त्र नहुनुहोस्.
६. अरु विश्वासीहरुको पनि महत्व बुझ्नुहोस (१कोरिन्थी १२:२२-२४) र तिनीहरुलाई उत्साह दिनुहोस.
७. देहको फिक्री गर्नुहोस् (१कोरिन्थी १२:२७). आतिथ्य सत्कार गर्ने बानी बसाल्नुस (रोमी १२:१३; १पत्रस ४:७) अनि मण्डलीमा भएका विश्वासीहरुलाई मदत गर्ने र तिनीहरुसित बांड्चुंड गर्ने व्यवहारिक तरीकाहरुको खोजी गर्नुहोस् (हिब्रू १०:२४; गलाती ६:१०).•
८. प्रेमलाई लक्ष बनाएर आत्मिक वरदानहरुको इच्छा गर्नुहोस् (१कोरिन्थी १३:१-३; १कोरिन्थी १४:१).

## च. प्रश्नहरु र छलफलका बुंदाहरु

१. तपाई जुन देह (मण्डली) को सदस्य हुनुहुन्छ, त्यो मण्डलीले येशूले शुरु गर्नुभएको परमेश्वरको राज्य-स्थापना गर्ने र साक्षी दिने गरेको छ ?
२. तपाईंको स्थानीय मण्डलीको शिर येशू हुनुहुन्छ ?
३. तपाई जाने गरेको ख्रीष्टको स्थानीय देह (मण्डली) भित्र रहेर काम गर्नको लागि तपाईंलाई बोलाइएको कुरा थाहा पाउनु भएको छ ? तपाईंको निम्ति परमेश्वरले दिनुभएको कामका बारेमा थाहा नपाउनु भएको भए त्यो आफूलाई देखाउन प्रभुसित बिन्ती गर्नुहोस्. केही गर्ने मन नभएमा अथवा तपाईंको त्यहाँ आवश्यकता देखिदैन भने तपाईंले गलत स्थानीय मण्डलीको चुनाव गर्नुभएको हुनसक्छ. आफ्नो स्थानीय परिप्रेक्षमा परमेश्वरमा सबैले फल फलाउनुपर्छ (वा फलदायी हुनुपर्छ). यो विषयमा अगुवाईको निम्ति परमेश्वरसंग प्रार्थना गर्नुहोस्. यसबारेमा (छलफल गर्न) आफ्ना अगुवाहरुसित सोध्नुस र सरसल्लाह गर्नुहोस्.

४. ख्रीष्टको देहको सदस्यका हैसियतले तपाईं आफैंलाई त्यो देहमा आवश्यक ठान्दै त्यसप्रति प्रतिबद्ध हुनहुन्छ ?
५. ख्रीष्टको देह (मण्डली) बाट स्वतन्त्र रहेर काम गर्न सम्भव छ कि ? छलफल गर्नुहोस्.
६. मण्डली (ख्रीष्टको देह) का सदस्यहरुमा परमेश्वरले सामर्थ्य र अधिकार दिनु अगाडि नेतृत्वको इश्वरीय सिद्धान्त तथा ख्रीष्ट मण्डलीको शिर मा समर्पित देखिनुपर्छ.
७. तपाईं स्वयंसित कस्तो प्रश्न गर्नुहुन्छ, "ख्रीष्टको स्थानीय देहमा म के दिनसक्छु ?" अथवा, "यो स्थानीय मण्डलीबाट के प्राप्त गर्नसक्छु ?"
८. तपाईंको स्थानीय मण्डलीका सदस्यहरुमा एकता छ ? छैन भने किन छैन ? एकताको निम्ति प्रोत्साहन दिन तपाईंले केही गर्न सक्नुहुन्छ कि ? मण्डली एकता बारेमा येशूको विचार कस्तो छ ? (यूहन्ना १७:२०-२३).

## छ. सारांश र प्रयोग

१. उहाँको मण्डलीको सदस्यहरु भएकोले येशूले हामीलाई चेला बनाउने र स्थानीय मण्डलीको परिप्रेक्षमा वृद्धि हुनको निम्ति तिनीहरुलाई सघाउने आज्ञा दिनुभएको छ.
२. संख्यात्मक र गुणात्मक रुपमा मण्डलीको वृद्धि त्यतिबेला मात्र हुनेछ जब यसका सबै सदस्यहरुले परमेश्वरले तिनीहरुलाई दिनुभएको जिम्मेवारी पूरा गर्न सक्दो प्रयास गर्नेछन्. त्यसपछि येशूको उपस्थिति सांच्चै झल्किने किसिमको मण्डली यो हुनेछ.
३. येशू मण्डलीको शिर हुनुहुन्छ. उहाँको शासनमा समर्पणतासाथ एकताको विन्दुमा मण्डली आएको उहाँ चाहनुहुन्छ.
४. ख्रीष्टको देहका सदस्यहरु एक-अर्कासित अन्तरंग सम्बन्धमा गांसिएका छन्. विश्वव्यापी मण्डलीले कार्य सम्पादन गर्नका निम्ति तिनीहरुको आवश्यकता छ.
५. येशूको एउटा चेलालाई पूर्णता प्राप्त गर्न (सफल हुन) स्थानीय मण्डलीमा आफ्नो स्थान भेटेपछि मात्र सम्भव हुन्छ. स्थान पाएपछि त्यहाँ परमेश्वरले अह्राउनु भएको काम गर्ने प्रतिबद्धता उसले देखाउनुपर्छ.
६. तपाईंले स्थानीय मण्डलीप्रति देखाउनु भएको आदर भावले यसको शिर ख्रीष्टप्रति तपाईंको विचारलाई प्रष्ट पार्छ.

७. परमेश्वर पनपक्ष गर्नुहुन्न. एउटा सेवकाईभन्दा अर्को ठूलो भनेर उहाँले तिनीहरुको श्रेणी छुट्ट्याउनुहुन्न. हामी उहाँको चेलाको नाताले कुनैपनि मूल्यमा हामीले उहाँको सेवा गरेको र उहाँको इच्छा अनुसार आज्ञापालन गरेको परमेश्वर आशा गर्नुहुन्छ.